नेपाल राष्ट्र बैंक

प्रेस समाचार

## गभर्नर-बैंकर्स एसोसिएसन भेटवार्ता

गभर्नर डा. युवराज खतिवडासँग नेपाल बैंकर्स एसोसिएसनको एक प्रतिनिधिमण्डलले पुस १८ गते भेट गर्‍यो । संघका नव निर्वाचित अध्यक्ष राजनसिंह भण्डारीको नेतृत्वमा आएको सो प्रतिनिधि मण्डलले बैंक तथा वित्तीय क्षेत्रका समसामयिक विषयका सम्बन्धमा जानकारी गराउनुका साथै यस क्षेत्रका नीतिगत विषयमा केन्द्रीय बैंकका तर्फबाट सम्बोधन गर्नुपर्ने विषयहरू प्रस्तुत गरेको थियो ।



भेटवार्तामा संघका तर्फबाट वित्तीय क्षेत्रको पुँजी संरचना, निष्कृय कर्जा, मुनाफा, तरलता लगायत प्राय जसो सूचकाङ्कहरू सुदृढ नै रहेको तर कर्जाको माग अपेक्षाकृत रुपमा आउन नसक्नु वित्तीय क्षेत्रको मुख्य समस्याको रूपमा रहेको जानकारी गराएको थियो ।

सो भेटमा संघका तर्फबाट बैंक तथा वित्तीय संस्थामा नयाँ खाता खोल्दा परेको समस्या, आधार दरका कारण नयाँ बैंक तथा वित्तीय संस्थालाई परेको अप्ठ्यारो, विदेशी मुद्रा कारोवार नियमनको असर, विपन्न वर्ग कर्जाको प्रभावकारिता र आवश्यकता, Third Party Collateral, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना, Provisining सम्बन्धी अन्तराष्ट्रिय अभ्यास, सरकारी कारोवारमा निजी क्षेत्रका बैंकको सहभागिता लगायतका विषयमा ध्यानाकर्षण गराइएको थियो ।

सो भेटमा गभर्नर डा. खतिवडाले वित्तीय क्षेत्र स्थायित्व कायम गर्ने सिलसिलामा ल्याइएका यी प्रावधानहरुमा रहेका व्यावहारिक समस्यालाई आपसी छलफलका माध्यमबाट समाधान गर्दै लगिने धारणा राख्नुभएको थियो । विद्यमान नीति नियमको कार्यान्वयनका सम्बन्धमा केन्द्रीय बैंकले जहिले पनि सर्वसाधारण जनताको हितलाई ध्यान दिई आफ्ना काम कारवाही अघि बढाउँदै जाने बताउनुभयो । संघद्वारा उठाइएका मुद्दाहरू मध्ये आधार दर कार्यकुशल एवम् प्रतिष्पर्धी बैंकको अवधारणाबाट ल्याइएकाले नयाँ बैंकहरुमा झन् कार्यकुशलता स्थापित हुने आशा व्यक्त गर्दै सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनार्थ अवधारणा पत्र तयार गरिने जानकारी दिनुभएको थियो ।

सो अवसरमा डेपुटी गभर्नर महा प्रसाद अधिकारीले नेपाल राष्ट्र बैंकको सुदृढ नियमनले गर्दा नै नेपालको वित्तीय क्षेत्र संकटको अवस्थामा पनि धरासायी हुनबाट जोगिएको धारणा राख्नुभएको थियो । उहाँले KYC का अव्यावहारिक पक्षबारे पुनरावलोकनका लागि छलफल गर्ने आश्वासन दिनुहुँदै बैंक तथा वित्तीय संस्थामा भएका अनियमिततालाई स्वयम् बैंकले प्रारम्भिक अवस्थामा नै निराकरण गर्न पहल गर्नुपर्ने धारणा पनि राख्नुभएको थियो ।

२०६९ पुस १९ गते शुक्रवार

गभर्नरको कार्यालय